सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी
माननीय न्यायाधीश श्री नित्यानन्द पाण्डेय
आदेश
०८३-WH-००४७

विषयः <u>बन्दीप्रत्यक्षीकरण समेत</u>।

१. धनबहादुर माझीको नाति अम्बरबहादुर माझीको छोरा झापा जिल्ला शिवसताक्षी नगरपालिका वडा नं.२ घर भई हाल नख्खु कारागार ललितपुरमा थुनामा रहेको विक्रम माझी ..... } निवेदक

विरुद्ध

१. संघीय प्रोबेशन तथा प्यारोल बोर्ड, महान्यायाधिवक्ताको कार्यालय .....
२. कारागार व्यवस्थापन विभाग, कालिकास्थान, काठमाडौं ..... } विपक्षी
३. कारागार कार्यालय, नख्खु, ललितपुर .....

नेपालको संविधानको धारा ४६ तथा धारा १३३(२) र (३) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको भई पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

<u>तथ्य खण्ड</u>

१. नेपाल सरकार वादी र म निवेदक प्रतिवादी भएको मुद्दा नं.०७५-C१-१४११ को लागु औषध मुद्दामा जिल्ला अदालत काठमाडौंबाट ५ वर्ष कैद र मुद्दा नं. ०७५-C१-१४१२ मा १० वर्ष कैद सजाय भएको थियो। मलाई कैद र जरिबाना हुने गरी फैसला भएका यी दुई मुद्दा कुनै पटके प्रकृतिको होईन। मिति २०७५।०९।२८ गतेका दिन मेरा चिनजानका व्यक्ती मुकेश कुमार यादवलाई प्रहरीले पक्राउ गरेको र निजको साथबाट ४ ग्राम खैरो हेरोइन बरामद भएकोमा निजले सो लागु औषध म बाट खरिद गरी लिएको भनी पोल लगाएपछी प्रहरीले मिति २०७५।०९।२९ गते म बसेको होटल कन्काई नजिकबाट पक्राउ गरिएको र मैले लगाएको ज्याकेटमा भएको लागु औषध खैरो हेरोइन २६ ग्राम र एम्फेटामाइन ४ ग्राम मेरा साथबाट

बरामद गरिएको थियो।

२. मलाइ दुवै मुद्दाको अन्तिम फैसला हुँदा मु.नं.०७५-C१-१४१२ मा जम्मा १० वर्ष कैद र रु.७५,०००।- जरिबाना हुने र नं.०७५-C१-१४११ मा ५ वर्ष कैद र रु.५,०००।- जरिबाना हुने ठहर भएको थियो। मलाई कैद ठेकी पाउँदाका बखत नै कैद हद कायम भई अधिकतम अवधिको १० वर्ष सजाय भएको हो। मिति २०७५।०९।२९ मा पक्राउ परी अनुसन्धानका लागि हिरासतमा रहेको अवधि समेत गणना गर्दा मैले हालसम्म ठेकिएको कैद मध्ये ७ वर्ष ६ महिना १५ दिन भुक्तान गरिसकेको र जरिबाना रु.८०,०००।- समेत भुक्तानी गरिसकेको छु। काठमाडौं जिल्ला अदालतबाट प्राप्त कैदीपूर्जीमा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६(१)(क) बमोजिम गरिएको भन्ने उल्लेख गरिएको छ।

३. मैले पहिलो पटक कसुर गरेको र ७ वर्ष ६ महिना १५ दिन कैद भुक्तान गर्दाको अवस्थासम्म मेरा असल आचरणहरु देखेर कारागार कार्यालय नख्खुले फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ को दफा २९ बमोजिम मलाई प्यारोलमा राख्न सिफारिस गरी संघीय प्रोबेशन तथा प्यारोल बोर्डमा लेखि पठाएकोमा मिति २०८३।३।३ मा बसेको संघीय प्रोबेशन तथा प्यारोल बोर्डको बैठकले कैद हद भई एकपटक सुबिधा पाईसकेको हुनाले प्यारोलमा राख्न सिफारिस नगरिएको भनि निर्णय भएको कुरा महान्यायाधिवक्ताको कार्याललयले नख्खु कारागार कार्यालयलाई जानकारी गराए पश्चात् मैले थाहा पाएको अवस्था हो।

४. मैले कैद बापत भुक्तान गर्नका लागि सम्बन्धित निकायबाट १० वर्षकै कैदी पूर्जी प्राप्त गरी कैद भुक्तान गरिरहेको छु। फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २९ बमोजिम कैद सजायको दुई तिहाई अवधि भुक्तान गरिसकेको र राम्रो आचरण भएको कसुरदारलाई प्यारोलमा राख्न सकिने व्यवस्था भएकोमा मैले कैद सजायको दुई तिहाई भन्दा बढी लगभग ७५ प्रतिशत सजाय भुक्तान गरिसकेको अवस्थामा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २९ अनुसार म प्यारोलका लागि कानूनी रूपमा पूर्ण योग्य थिए। तर कानूनमा व्यवस्था नभएको कैद हद भएको विषयलाइ एकपटक सुबिधा लिइसकेको भनी व्याख्या गरी मलाइ प्यारोलमा राख्न सिफारिस नगर्ने महान्यायाधीवक्ताको कार्यालयको मिति २०८३।३।३ को निर्णय त्रुटिपूर्ण भएको र

सो निर्णयले मेरो कानूनी हकमा आघात पुऱ्याएको छ।

५. अतः माथि उल्लेखित तथ्य, कानून, नजिर, विधिशास्त्रीय मान्यता, न्यायका मान्य सिद्धान्त समेतका अधारमा माथी उल्लेखित विपक्षीहरुले कानून बमोजिमको सुबिधा प्रदान नगरी कानून विपरीत मलाई प्यारोलमा राख्न सिफारिस नगर्ने महान्यायाधिवक्ताको कार्यालय, संघीय प्रोबेशन तथा प्यारोल बोर्डको निर्णय/पत्र गैरकानूनी र त्रुटिपूर्ण भएकाले सो निर्णय उत्प्रेषणको आदेशले बदर गरी, मलाई वन्दीप्रत्यक्षीकरणको आदेशद्वारा थुनामुक्त (प्यारोलमा छाड्न) गर्नु भनी परमादेश आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको यस अदालतमा मिति २०८३।०५।०८ मा दायर हुन आएको रिट निवेदन।

६. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार कारण भए सो समेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटाको म्यादबाहेक ३ (तीन) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जबाफ पेश गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुको नाममा सूचना म्याद जारी गरी लिखित जबाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार गरी पेश गर्नु भन्नेसमेत बेहोराको यस अदालतबाट मिति २०८३।०५।१० मा भएको आदेश।

७. रिट निवेदकले यसअघि नै कैद हदको सुविधा प्राप्त गरिसकेको तथ्यमा विवाद छैन। संघीय प्रोवेशन तथा प्यारोल बोर्डको मिति २०८३।३।३ को बैठकले कैद हद भई एकपटक सुविधा पाइसकेको कारण निज़लाई प्यारोलमा राख्न सिफारिस नगर्ने निर्णय गरेको छ। कैद हद सजायको कार्यान्वयनसँग सम्बन्धित कानूनी व्यवस्था हो भने प्यारोल निश्चित योग्यता, मापदण्ड र शर्तको अधीनमा रही सुधारात्मक दण्ड प्रणालीअन्तर्गत उपलब्ध हुने सुविधा हो।फौजदारी कसूर(सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २९ बमोजिम दुई तिहाई कैद भुक्तान गरेको राम्रो आचरण भएको कसूरदारलाई बोर्डको सिफारिसमा जिल्ला अदालतका न्यायाधीशले प्यारोलमा राख्ने आदेश दिन सक्ने व्यवस्था छ। "दिन सक्नेछ" भन्ने शब्दावलीले प्यारोललाई निरपेक्ष अधिकार नबनाई निर्धारित मापदण्ड र सम्बन्धित निकायको निर्णयको अधीनमा राखेको छ।ऐ.ऐनको दफा ३८ र ३९ ले बोर्डलाई प्यारोलसम्बन्धी मापदण्ड बनाउने र शर्त निर्धारण गर्ने अधिकार समेत प्रदान गरेको छ।प्रस्तुत सन्दर्भमा कानूनले तोकेको प्रक्रियाअनुसार बोर्डले गरेको मूल्याङ्कन कानूनसम्मत रहेको र समान प्रकृतिका अन्य कैदीहरूको हकमा समेत यही मापदण्ड अवलम्बन हुँदै

आएको छ।

८. निवेदक लागूऔषध सम्बन्धी कसूरमा सक्षम अदालतको फैसलाबाट सजाय ठहर भई कानूनसम्मत रूपमा कैद सजाय भुक्तान गरिरहेको व्यक्ति हुन्। बोर्डले प्यारोलका लागि सिफारिस नगरेको विषयलाई गैरकानूनी थुनासँग दाँज्न मिल्दैन। निवेदकको थुना वैध र न्यायिक निर्णयको कार्यान्वयनमा आधारित (Lawful detention) रहेको अवस्थामा बन्दीप्रत्यक्षीकरण लगायतका अन्य उपर्युक्त आदेश समेत जारी हुनुपर्ने भन्ने अवस्थाको विद्यमानता नरहेकाले प्रस्तुत निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी संघीय प्रोबेशन तथा प्यारोल बोर्डको तर्फबाट पेश हुन आएको लिखित जबाफ।

९. कैदी बन्दीलाई प्यारोलमा राख्ने वा सिफारिस गर्ने विषय कारागार व्यवस्थापन विभागको नभई संघीय प्रोबेशन तथा प्यारोल बोर्डको क्षेत्राधिकारभित्र पर्ने विषय हो। निवेदकलाई काठमाडौं जिल्ला अदालतबाट दुईवटा लागूऔषध मुद्दामा क्रमशः ५ वर्ष र १० वर्ष कैद सजाय भएकोमा अधिकतम अवधिको १० वर्ष सजाय कायम भई यसअघि नै एकपटक सुविधा प्राप्त भइसकेको हुँदा थप प्यारोलमा सिफारिस गर्न नसकिने भनी संघीय प्रोबेशन तथा प्यारोल बोर्डबाट मिति २०८३/०३/०३ मा निर्णय भएको छ। निवेदकले विभागको कुन निर्णय वा काम कारबाहीबाट आफ्नो कुन हक हनन भयो भन्ने कुरा निवेदनमा स्पष्ट पार्न नसकेको र कारागार व्यवस्थापन विभागलाई विपक्षी बनाउनु पर्नाको कारण समेत खुलाउन नसकेका परिप्रेक्ष्यमा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत बेहोराको विपक्षी कारागार व्यवस्थापन विभागको तर्फबाट यस अदालतमा पेश हुन आएको लिखित जवाफ।

१०. निवेदकले दाबी लिनु भएको विषयमा यस कार्यालयको के कस्तो संलग्नता रहेको हो? भन्ने सम्बन्धमा निवेदकले निवेदनमा कुनै कुरा उल्लेख गर्न सक्नु भएको छैन। प्रस्तुत रिट निवेदनमा निवेदकले दाबी लिनु भएको विषयमा यस कार्यालयको संलग्नता एवं यस कार्यालयलाई विपक्षी बनाउनु पर्ने मनासिब आधार र कारण नरहेको हुँदा प्रस्तुत निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी कारागार कार्यालय नख्खु, ललितपुरको तर्फबाट यस अदालतमा पेश हुन आएको लिखित जबाफ।

ठहर खण्ड

११. नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात अध्ययन गरियो।

१२. निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताहरु श्री सुर्यराज दाहाल, श्री विराट जोशी, श्री रमिला कुमारी हुँमागाई, श्री नविना कार्की र श्री अश्रु थापाले निवेदकलाई दुई मुद्दामा ठहरेको कैद सजाय भुक्तान गर्न फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६(१)(क) बमोजिम कैद हद गरी १० वर्ष कैद सजायको कैदीपूर्जी दिईएको छ। सो मध्ये ७ वर्ष भन्दा बढी अवधि भुक्तान गरी फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २९ ले तोकेको दुई तिहाई अवधि भुक्तान गरिसकेको छ। निजको चालचलन राम्रो भएको भनी कारागार कार्यालयले प्यारोल सुविधा दिन प्यारोल बोर्डमा सिफारिस गरेको छ। उल्लिखित ऐनको दफा २९ बमोजिम प्यारोल सुबिधा दिने वा नदिने निर्णय गर्दा दुई तिहाई कैद भुक्तान गरेको र असल चाल चलन भएको हुनुपर्ने शर्त बाहेक अन्य कुरा हेर्न मिल्दैन। कैद हद हुनु भनेको कैद छुटको सुबिधा पाएको सरह होइन। तसर्थ निवेदकले एकपटक सुविधा पाईसकेकोले पुनः प्यारोलको सुविधा प्राप्त नहुने भनी प्यारोल बोर्डबाट भएको निर्णय नेपालको संविधान एवं उल्लिखित कानूनी व्यवस्था विपरीत भएकाले प्यारोल बोर्डको उपरोक्त गैरकानूनी निर्णय उत्प्रेषणको आदेशले बदर गरी निवेदकलाई प्यारोलमा छाड्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी बहस गर्नुभयो।

१३. विपक्षीहरुको तर्फबाट उपस्थित महान्यायाधिवक्ताको कार्यालयका विद्वान् उपन्यायाधिवक्ता श्री प्रल्हाद क्षेत्रीले यी रिट निवेदकलाई निजलाई काठमाडौं जिल्ला अदालतबाट दुई फरक-फरक लागु औषध मुद्दामा ठहरेको क्रमशः १० वर्ष र ५ वर्ष कैद हद भई १० वर्ष मात्र कैद भुक्तान गरे हुने गरी एकपटक सुविधा प्राप्त गरिसकेको अवस्था छ। कैद हद र प्यारोल दुई फरक अवधारणा रहेको भए तापनि निवेदकले एकपटक कैद हदको सुविधा प्राप्त गरिसकेको अवस्था छ। प्योरोलको सुविधा कैदीको अधिकारको विषयवस्तु पनि होईन। प्यारोल बोर्ड कुनै पनि कैदीलाई प्यारोल सुविधा प्रदान गर्न बाध्य नभएको अवस्थामा विद्यमान ऐन, कानून एवं प्यारोल सम्बन्धी मापदण्ड बमोजिम निवेदकले प्यारोल सुविधा प्राप्त गर्न नसक्ने गरी भएको निर्णय कानूनसम्मत रहेकाले निवेदन माग बमोजिमको आदेश जारी गर्नुपर्ने होईन रिट निवेदन खारेज गरीपाँउ भनी बहस गर्नुभयो।

१४. सम्बद्ध मिसिल अध्ययन गरी हेर्दा, म निवेदकलाई काठमाडौं जिल्ला अदालतबाट ०७५-C१-१४१२ को लागु औषध मुद्दामा १० वर्ष कैद र रू. ७५,०००/-

जरिवाना र ०७५-C१-१४११ को लागु औषध मुद्दामा ५ महिना कैद र रू. ५,०००/- जरिवाना हुने गरी फैसला भई फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६(१)(क) अनुसार कैद हद भई १० वर्ष कैद ठेकी कैदी पूर्जी प्राप्त भएको थियो। उपरोक्त १० वर्षको कैद मध्ये मैले ७ वर्ष ६ महिना १५ दिन कैद भुक्तान गरिसकेको छु।म निवेदकको कारागारमा असल चालचलन एवं राम्रो आचरण भएकाले कारागार कार्यालय नख्खुले फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २९ बमोजिम प्यारोलमा राख्न सिफारिस गरेकोमा संघीय प्रोबेशन तथा प्यारोल बोर्डको बैठकले मिति २०८३।०३।०३ मा कैद हद भई एकपटक सुविधा पाइसकेको भन्ने आधारमा म निवेदकले प्यारोल सुविधा नपाउने गरी निर्णय गरेको त्रुटिपूर्ण छ। ऐनले कैद हद भएको व्यक्तिले प्यारोलको सुविधा नपाउने भनेको छैन। यसरी म निवेदकले कानूनले निर्धारण गरे बमोजिम प्यारोलको सुविधा प्राप्त गर्नुपर्नेमा संघीय प्रोबेशन तथा प्यारोल बोर्डले प्यारोल सुविधा नदिने गरी भएको निर्णय उत्प्रेषणको आदेशले बदर गरी प्यारोलको सुविधा दिनु भनी विपक्षी नाउँमा परमादेशको आदेश जारी गरी बन्दीप्रत्यक्षीकरणको आदेशबाट थुनामुक्त गरिपाउँ भन्ने बेहोराको मुख्य निवेदन दावी रहेको देखिन्छ।

१५. निवेदकले यसअघि नै कैद हदको सुविधा प्राप्त गरिसकेको र संघीय प्रोवेशन तथा प्यारोल बोर्डको मिति २०८३।३।३ को बैठकले सोही कारण निजलाई प्यारोलमा राख्न सिफारिस नगर्ने गरी गरेको निर्णय कानूनसम्मत छ। फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २९ बमोजिम प्यारोल निरपेक्ष अधिकार नभई बोर्डको सिफारिस र निर्धारित मापदण्डमा आधारित सुधारात्मक सुविधा हो। निवेदक लागूऔषध सम्बन्धी कसूरमा सक्षम अदालतको निर्णयअनुसार कानूनसम्मत रूपमा कैद भुक्तान गरिरहेको व्यक्ति भएको र बोर्डको सिफारिस नभएको विषयलाई गैरकानूनी थुनासँग दाँज्न नमिल्ने हुँदा बन्दीप्रत्यक्षीकरण लगायतका आदेश जारी हुनुपर्ने अवस्था नरहेकोले निवेदन खारेज गरिपाऊँ भन्ने समेत बेहोराको संघीय प्रोबेशन तथा प्यारोल बोर्डको लिखित जवाफ रहेको देखिन्छ।

१६. उपरोक्तानुसारको तथ्य भएको प्रस्तुत निवेदनमा निवेदक तथा विपक्षीतर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको तर्कपूर्ण बहस जिकिरसमेत सुनी निवेदन मागबमोजिम आदेश जारी हुनुपर्ने हो वा होईन भन्ने सम्बन्धमा हेरी निर्णय दिनुपर्ने देखिन आयो।

१७. अब, निर्णयतर्फ विचार गर्दा, रिट निवेदक विक्रम माझी विरुद्ध काठमाडौं जिल्ला अदालतमा चलेको ०७५-C1-१४१२ को लागु औषध मुद्दामा १० वर्ष कैद र रू. ७५,०००/- जरिवाना र ०७५-C1-१४११ को लागु औषध मुद्दामा ५ वर्ष कैद र रू.५,०००/- जरिवाना हुने गरी ठहरी मिति २०७७।११।१७ मा फैसला भएको देखिन्छ। सो फैसलाले लागेको सजाय कार्यान्वयनका लागि सो अदालतबाट मिति २०७८।०७।२९ मा यी रिट निवेदकको नाममा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६(१)(क) अनुसार कैद हद भई ठूलो कलमको कैद अर्थात् १० वर्षको कैद भुक्तान गर्नुपर्ने गरी कैदी पूर्जी जारी भएको समेत देखिन आउँछ।

१८. मिसिलबाट यी निवेदक मिति २०७५।०९।२९ मा पक्राउ परेको देखिन्छ। सोबाट प्रस्तुत निवेदन दायर गरेको दिनसम्म यी निवेदकले निजलाई लागेको कैद मध्ये ७ वर्ष ६ महिना १५ दिन भुक्तान गरिसकेको देखिन्छ। रिट निवेदकले यसरी आफूले फैसलाले ठहरेको कैद सजायको दुई तिहाई भन्दा बढी कैद भोगीसकेको र आफू थुनामा रहेको कारागार कार्यालय, नख्खुले आचरण असल रहेको कारणबाट प्यारोल सुविधाको लागि संघीय प्रोबेशन तथा प्यारोल बोर्डमा प्यारोल सुविधाको लागि सिफारिस गरेकोमा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २९ बमोजिम प्यारोलमा बस्ने सुबिधा प्राप्त गर्नु पर्नेमा निवेदकले एकपटक कैदहदको सुविधा प्राप्त गरिसकेकोले प्यारोलको सुविधा प्राप्त गर्न नसक्ने भनी संघीय प्रोबेशन तथा प्यारोल बोर्डले मिति २०८३।०३।०३ मा निर्णय गरेकोले आफू गैरकानूनी थुनामा बस्नु परेको हुँदा वन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकलाई प्यारोलमा छाड्नु भन्ने आदेश गरिपाउँ भन्ने मागदाबी गरेको देखिन्छ।फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २९ को उपदफा (१) को स्पष्टीकरण खण्डमा **"यस दफाको प्रयोजनको लागि प्यारोल भन्नाले आफुलाई तोकिएको कैद सजायको दुई तिहाई अवधि भुक्तान गरिसकेको कैदीलाई बाँकी अवधि तोकिएको शर्त पालना गरी प्यारोल अधिकृतको निगरानीमा समाजमा जीवन यापन गर्न अनुमति दिइएको अवस्था सम्झनु पर्छ"** भनी प्यारोलको परिभाषा गरेको देखिएको र सोही दफा को उपदफा १ मा " **एक वर्षभन्दा बढी कैद सजाय पाई कैद सजायको दुई तिहाई अवधि भुक्तान गरिसकेको र राम्रो आचरण भएको कसुरदारलाई सम्बन्धित प्रोवेशन तथा प्यारोल बोर्डको सिफारिसमा जिल्ला अदालतको न्यायाधिशले प्यारोलमा राख्ने आदेश दिन सक्नेछ** " भन्ने व्यवस्था गरेको देखिन्छ।यसबाट प्यारोल सुबिधा एक वर्ष

भन्दा बढी कैद सजाय भई सोको दुई तिहाई अवधि भुक्तान गरिसकेका र राम्रो आचरण भएका कसुरदारलाई प्रोबेशन तथा प्यारोल बोर्डको सिफारिसमा जिल्ला न्यायाधीशको आदेशले दिन सकिने सुविधा भन्ने कानूनी व्यवस्था देखिन आउँछ। सो प्रयोजनका लागि पूर्वोक्त ऐनको दफा ३८ ले संघीय प्रोबेशन तथा प्यारोल बोर्डको संरचना सम्बन्धी व्यवस्था गरेको र ऐ. दफा ३९(१) ले संघीय प्रोबेशन तथा प्यारोल बोर्डले कैदीलाई प्यारोलमा राख्ने मापदण्ड विकसित गर्ने एवं प्यारोलमा छुट्ने कसुरदारले पालना गर्नुपर्ने शर्तहरू निर्धारण गर्नेगरी काम, कर्तव्य, अधिकार तोकेको समेत देखिन्छ। तदनुरूप संघीय प्रोबेशन तथा प्यारोल बोर्डले कैदीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड तथा प्रोवेशन तथा प्यारोलमा छुट्ने कैदीले पालना गर्नुपर्ने शर्तहरु, २०८० बनाएको समेत देखिन्छ।

१९. उल्लिखित कानूनी व्यवस्था हेर्दा, एक वर्ष भन्दा बढी कैदको सजाय पाई कैद सजायको दुई तिहाई अवधि भुक्तान भएको र राम्रो आचरण भएको कसुरदारलाई बोर्डको सिफारिसमा जिल्ला न्यायाधीशले प्यारोल सुबिधा पाउने गरी आदेश दिन सक्ने भए तापनि उल्लिखित कानूनी व्यवस्थाले प्यारोल सुबिधा प्राप्त गर्ने विषयलाई कैदीको अधिकारका रूपमा प्रत्याभूत गरेको देखिएन। ऐनले तोकेको पूर्वावस्था पूरा भएको र मापदण्ड बमोजिम देखिएको अवस्थामा बोर्डले उचित आधार कारणमा आधारित भई प्यारोलका लागि सिफारिस गर्न सक्ने एवं सो समेतका आधारमा जिल्ला न्ययायाधीशले प्यारोलमा राख्न आदेश दिन सक्ने अवस्थासम्म देखियो। कानूनले यसलाई बाध्यात्मक व्यवस्थाका रूपमा परिकल्पना गरेको देखिएन।

२०. यस प्रकार कानूनले एकातर्फ प्यारोललाई बाध्यात्मक रूपमा प्राप्त गर्न सकिने कैदीको अधिकारका रूपमा प्रस्तुत नगरेको हुँदा प्यारोललाई अधिकारका रूपमा दाबी गर्न नमिल्ने र अर्कातर्फ वन्दीप्रत्यक्षीकरणको निवेदनबाट थुनाको कानूनी वैधतासम्म परिक्षण गरिनेमा निजलाई साधिकार अदालतबाट मुद्दा फैसला भई फैसलाले लागेको सजाय कार्यान्वयनका क्रममा कैदी पूर्जी जारी गरी थुनामा पठाएको देखिँदा निवेदकको थुनालाई कानून विपरीतको थुना भनी मान्न मिल्ने नदेखिँदा निवेदकलाई प्यारोलमा छाड्नु भनी निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन।

२१. जहाँसम्म संघीय प्रोबेशन तथा प्यारोल बोर्डले यी निवेदकलाई काठमाडौं जिल्ला अदालतबाट लागु औषध सम्बन्धी दुई फरक मुद्दामा १० वर्ष र ५ वर्ष कैद सजाय ठहरेकोमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा

३६(१)(क) मा रहेको **पहिले भएको फैसला बमोजिमको कैदको सजायको अवधि पछिल्लो फैसला बमोजिमको कैदको सजायको अवधिभन्दा बढी वा बराबर भएमा पहिले भएको फैसलाको कैदको सजाय कार्यान्वयन गर्नु पर्नेछ** भन्ने कानूनी व्यवस्था बमोजिम कैद हद भई १० वर्ष मात्र कैदमा रहनुपर्ने गरी काठमाडौं जिल्ला अदालत तहशिल शाखाबाट कैदीपूर्जी प्राप्त गरेको कारण निजले एक पटक सुबिधा पाइसकेको हुनाले प्यारोल सुविधा प्रदान गर्न नमिल्ने भनी मिति २०८३।०३।०३ मा गरेको निर्णय कानून विपरीत भएकोले बदर हुनुपर्ने भन्ने निवेदन दाबी छ सो सम्बन्धमा विचार गर्दा पूर्व पठित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २९ ले प्यारोल सुबिधामा राख्न जिल्ला न्यायाधीश समक्ष सिफारिस गर्दा (१) एक वर्षभन्दा बढी कैद सजाय भएको, (२) कैद सजायको दुई तिहाई अवधि भुक्तान गरेको र (३) राम्रो आचरण भएकोलाई मात्र पूर्वाशर्त वा पूर्वावस्थाको रूपमा तोकेको पाइयो। निजलाई एक वर्ष भन्दा बढी अर्थात् १० वर्ष कैद सजाय भएको र सोको दुई तिहाई भन्दा बढी अवधि कैद भुक्तान गरेको तथ्यमा विवाद छैन। निजको आचरणका सम्बन्धमा निज थुनामा रहेको कारागार कार्यालयले आचरण राम्रो भएकाले प्यारोल सुबिधाका लागि सिफारिस गरेको समेत देखिँदा सो तथ्यलाई पनि अन्यथा भन्न मिलेन। यस बाहेक सो ऐनको दफा २९(१) को प्रतिबन्धात्मक वाक्यांशले विभिन्न मुद्दामा कसुरदारलाई प्यारोलमा राख्न नसकिने भनी मुद्दाको सूची (Negative list) उल्लेख गरेकोमा निवेदक कसुरदार ठहर भएको लागू औषध मुद्दा सो सूचीमा समावेश भएको देखिँदैन।

२२. तर रिट निवेदक विक्रम माझीको कैद सजाय कार्यान्वयनका क्रममा फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६(१)(क) बमोजिम कैद हद भएको अवस्था भने देखिन्छ। विपक्षी संघीय प्रोबेशन तथा प्यारोल बोर्डले यी निवेदकले सो बमोजिम कैद हद भई एक पटक सुबिधा प्राप्त गरिसकेको भनी प्यारोल सुबिधाको सिफारिस गर्न नमिल्ने भन्ने निर्णय गरेको देखिए तापनि उल्लिखित ऐनको दफा २९ मा ऐनको दफा ३६(१)(क) बमोजिम कैद हद भएका कैदीलाई प्यारोल सुबिधा दिन नमिल्ने सो सुविधा प्राप्त गर्न अयोग्य(Disqualify) बनाएको देखिँदैन। न त सो बोर्डले उक्त ऐनको दफा ३९(१) ले दिएको अधिकार प्रयोग गरी जारी गरेको कैदीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड तथा प्रोवेशन तथा प्यारोलमा छुट्ने कैदीले पालना गर्नुपर्ने शर्तहरु, २०८० नै ऐनको दफा ३६(१)(क) बमोजिम कैद हद गरिएका कैदीले प्यारोल सुबिधा नपाउने गरी कुनै व्यवस्था गरेको नै देखिन्छ। **वस्तुतः ऐनको दफा**

३६(१)(क) को कैद हद सम्बन्धी व्यवस्था कुनै कैदीलाई दिएको सुबिधा नभई एक भन्दा बढी मुद्दामा कसुरदार ठहर भई कैद सजाय भएको कसुरदारको कैद सजाय कार्यान्वयन सम्बन्धी कानूनी व्यवस्था हो। कैद हद कुनै कैदीले दाबी गरेको आधारमा हुने वा दाबी नगरेको कारण नहुने वा फैसला कार्यान्वयन अधिकारीको स्वेच्छामा कैद हद हुने वा नहुने नभई उक्त कानूनी व्यवस्थाको कार्यान्वयन स्वरूप स्वतः (By implication of law) कार्यान्वयन हुने बाध्यात्मक व्यवस्था हो। मुद्दाको तथ्यबाट कैद हद हुनुपर्ने अवस्था भएमा कुनै अदालत, निकाय वा अधिकारीले नचाहँदैमा कैद हद नहुने भन्ने हुँदैन। यो न त अदालतको न पक्षको नै छनोट (Choice) को विषय हो। अपितु यो एक अनिवार्य वैधानिक व्यवस्था हो। उक्त व्यवस्था बमोजिम कैद हद भएको अवस्थालाई कैदीले कैद छुटको सुबिधा पाएको भन्नु वा कैद हदलाई सुबिधामा गणना गर्नु कैद हद सम्बन्धी कानूनी व्यवस्थालाई सही रुपमा बोध गर्न नसकेको हुन जान्छ। कैद हद हुनु र कैद छुटको सुविधा दुई अलग विषय हो। तसर्थ, कैद हदलाई समेत कैद छुटको रुपमा व्याख्या गर्नु न्यायोचित र तर्क संगत हुँदैन।

२३. साथै, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २९ बमोजिम प्यारोल सुबिधामा बस्न पाउने व्यवस्था कैदी बन्दीको अधिकारको विषय नभए तापनि ऐनले तोकेको पूर्वावस्था पूरा गरेका नकारात्मक सूचीमा नपरेका र बोर्डले जारी गरेको मापदण्ड पूरा गरेका कसुरदारलाई समेत कानूनबमोजिमको आधार कारण नभई सो सुविधा दिनबाट इन्कार गर्नुलाई स्वच्छ, न्यायोचित र उचित तर्कमा आधारित (Just, Fair and Reasonable) निर्णय भनी मान्न मिल्दैन। कानूनले प्यारोललाई अधिकारका रुपमा स्थापित नगरी सुविधाका रुपमा लिएको भएतापनि ऐन र मापदण्डले तोकेका पूर्वावस्था पूरा गरेका कसूरदारलाई प्यारोल सुविधा दिन इन्कार गर्दा कानून बमोजिमको र उचित कारण नदेखिएसम्म प्रकारान्तरले सो सुविधाले नै अधिकारको स्वरुप ग्रहण गरेको हुन्छ। सो विपरीत विपक्षी संघीय प्रोबेशन तथा प्यारोल बोर्डले फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ दफा २९ र कैदीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड तथा प्रोवेशन तथा प्यारोलमा छुट्ने कैदीले पालना गर्नुपर्ने शर्तहरु, २०८० ले समेत सो ऐनको दफा ३६(१)(क) बमोजिम कैद हद भएका कैदीले प्यारोल सुबिधा नपाउने भनी रोक नलगाएको अवस्थामा ऐन र मापदण्डको व्यवस्था विपरीत सोही विषयलाई आधार बनाई निवेदकलाई प्यारोल सुबिधा दिन इन्कार गर्नेगरी गरेको निर्णय कानूनसम्मत र उचित

कारणमा आधारित भएको नदेखिएकाले यी रिट निवेदकका हकमासम्म संघीय प्रोबेशन तथा प्यारोल बोर्डले मिति २०८३।०३।०३ मा यी निवेदकले कैद हदको सुविधा प्राप्त गरेकाले प्यारोल सुविधाका लागि सिफारिस गर्न नमिल्ने भनी गरेको निर्णय उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब निवेदकलाई उल्लिखित आधारबाट प्यारोल सुबिधा नपाउने सूचीमा नराखी निवेदकको आचरण लगायतका मापदण्डले तोकेका अन्य विषयहर जे-जो मूल्याङ्कन गर्नुपर्ने हो गरी निजलाई प्यारोल सुबिधामा राख्न सिफारिस गर्नुपर्ने वा नपर्ने सम्बन्धमा उचित निर्णय गर्नु भनी विपक्षी संघीय प्रोबेशन तथा प्यारोल बोर्डको नाममा परमादेश जारी हुने ठहर्छ।

२४. यो आदेशको कार्यान्वयनका लागि आदेशको प्रति संलग्न गरी महान्यायाधिवक्ताको कार्यालय र सोमार्फत विपक्षी निकायहरूमा पठाईदिनू। प्रस्तुत आदेशको प्रतिलिपिसमेत साथै राखी आदेशको जानकारी थुनामा रहेका रिट निवेदकलाई दिनू । यो आदेशको प्रति यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी आदेशको पीठमा जनाउनू । प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू।

नहकुल सुवेदी
(न्यायाधीश)

उक्त रायमा सहमत छु।

नित्यानन्द पाण्डेय
(न्यायाधीश)

इजलास अधिकृतः रोशन बस्नेत
कम्प्युटर अपरेटरः अभिषेककुमार राय
इति संवत् २०८३ साल भदौ २६ गते रोज ६ शुभम् .....।